# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## कमलादी, काठमाडौं, वागमती प्रदेश, नेपाल

## २०८२/८३

**सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको सूचना विवरण**

(मिति २०८२।०४।०१ देखि मिति २०८२।०७।३० सम्मको विवरण)

**(१) निकायको स्वरुप र प्रकृतिः**

काठमाडौं महानगरपालिका वि.स.१९७६ मा सफाई अड्डाको नामबाट स्थापना भई विभिन्न कालखण्डमा जारी भएका कानुनबमोजिम तोकिएका कार्य जिम्मेवारीहरु पुरा गर्न विभिन्न नामको कार्यालयमार्फत अविछिन्न सेवा प्रवाह गर्दै आएकोमा वि.स. २०५२ साल मंसिर महिना २९ गते महानगरपालिका घोषणा भएको हो । स्थानीय स्वायत्त शासन ऐन, २०५५ हुँदै नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम संघीय संरचना अर्न्तगत स्थानीय सरकारको रुपमा नेपालको संघीय राजधानी काठमाडौंमा अवस्थित नेपालकै जेठो महानगरपालिका काठमाडौं महानगरपालिका हो ।

**(२) निकायको काम, कर्तव्य र अधिकारः**

यस महानगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ ।

**(३) निकायमा रहने कर्मचारी विवरणः**

यस महानगरपालिकामा स्थायी, करार, समायोजन भई आएका, कामकाजमा खटिएका कर्मचारीहरुको संख्या, कर्मचारीको सेवा, समुह, तह समेतको विस्तृत विवरण र महानगरपालिकाको संगठन संरचना समेत नगर सभाबाट स्वीकृत भएबमोजिम काम कारवाही भइरहेको छ । उच्च पदमा कार्यरत पदाधिकारी एवं कर्मचारीहरुको विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.npमा समेत राखिएको छ ।

(४) **निकायबाट प्रदान गरिने सेवा:**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ र वाग्मती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं महानगरपालिकको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड समेत), निर्णयहरु तथा काठमाडौं महानगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ ।

(५) **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:**

यस महानगरपालिकाबाट सेवा सुविधा प्रवाह गर्न सचिवालयहरु, समितिहरु, विभागहरु, महाशाखाहरु, शाखाहरु, ३२ वटा वडा कार्यालयहरु, आयोजना, कार्यक्रम तथा अन्य कार्यालयहरु रहेका छन् । महानगरपालिकाको प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, प्रवक्ता, सूचना अधिकारी, सहायक प्रवक्ता, विभागीय प्रमुख तथा जिम्मेवार पदमा कार्यरत अधिकारीको विवरण का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा उल्लेख गरिएको छ ।

(६) **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:**

यस महानगरपालिकाले प्रदान गर्ने विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समयावधी विवरण काठमाडौं महानगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक वडापत्र समेतबाट निर्धारण गरिन्छ । यस सम्वन्धी व्यवस्था काठमाडौं महानगरपलिकाको वेबसाइट www.kathmandu.gov.np मा समेत उल्लेख गरिएको छ । साथै **सूचनाको हक सम्वन्धी नियमावली, २०६५ को नियम ४ वमोजिम दस्तुर लिने व्यवस्था गरिएको छ ।**

(७) **निर्णय गर्ने प्रक्रिया र अधिकारी:**

यस महानगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघीय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदीय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ । महानगरपालिकाको नीतिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाई निरन्तर अनुगमन, नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको बैठकले गरेको निर्णय, अनुगमन समिति, शहरी योजना आयोग, अनुगमन तथा मुल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ ।

नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

(८) **निर्णय उपर उजुरी सुन्ने अधिकारी:**

यस महानगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि महानगरपालिकाको केन्द्रिय स्तरमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकतत्वमा तीन सदस्यीय गुनासो सुनुवाई समितिको व्यवस्था गरिएको छ ।

(९) **सम्पादन गरेको कामको विवरण:**

यस महानगरपालिका नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, संघ, प्रदेश र स्थानीय कानुनले तोकेबमोजिम स्थानीय सरकारको रुपमा महानगरपालिकाले गर्न सक्ने सम्पूर्ण काम कारवाहीहरु गर्दै आईरहेको छ ।

(१०) **कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद:**

कार्यालय प्रमुखको नाम : श्री सरोज गुरागाईं

पद : प्रमुख प्रशासकीय अधिकृत

इमेल ठेगाना : ceo@kathmandu.gov.np

सम्पर्क नम्बर : ०१-४२३२८९२

सूचना अधिकारीको नाम : नुरनिधि न्यौपाने

पद : निर्देशक/सूचना अधिकारी

सम्पर्क नम्बर : ९८५१०८१९७२

इमेल ठेगाना :rtikmc@gmail.com

: nurnidhi @yahoo.com

(११) **ऐन, नियम, विनियम, कार्यविधी वा निर्देशिकाको सूची:**

काठमाडौं महानगरपालिकासँग सम्बद्ध संघीय र प्रदेश कानुन बाहेकका स्थानीय ऐन, नियमावली, विनियम, कार्यविधी, मापदण्ड, दिग्दर्शन र निर्देशिकाहरुको परिपालना गरिरहेको छ । उक्त स्थानीय कानुनहरु स्थानीय राजपत्रमा प्रकाशन गरी यस्ता कानुनी प्रबन्धहरुको विस्तृत सूची काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा हाम्रो कानुन नामक होम पेजमा राखिएको छ ।

नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

(१२) **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण:**

यस महानगरपालिकाको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरणहरु का.म.पा.को वेबसाइट www.kathmandu.gov.np मा राख्ने गरिएको छ । चालु आ.व. ०८२।०८३ को कार्तिक मसान्तसम्ममा भएको आर्थिक कारोवारको विवरण यस प्रकार रहेको छ ।

FY : २०८२/८३ अवधी : २०८२/०४/०१-२०८२/०७/३०

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ६७,५८,३१,०००.०० | १०,३६,४३,३४७.९६ | १५.३४ | ५७,२१,८७,६५२.०४ |
| १ | कृषि | ३,५८,०५,०००.०० | ५५,९२२.०० | ०.१६ | ३,५७,४९,०७८.०० |
| २ | उद्योग | २,६७,७२,०००.०० | ३,७६,६०९.५२ | १.४१ | २,६३,९५,३९०.४८ |
| ३ | पर्यटन | ३८,६३,००,०००.०० | १०,०८,००,०००.०० | २६.०९ | २८,५५,००,०००.०० |
| ४ | सहकारी | १,०१,००,०००.०० | ० | ० | १,०१,००,०००.०० |
| ५ | वित्तीय क्षेत्र | १९,३८,०४,०००.०० | १६,८२,५५६.४४ | ०.८७ | १९,२१,२१,४४३.५६ |
| ६ | पशुपन्छी विकास | २,३०,५०,०००.०० | ७,२८,२६०.०० | ३.१६ | २,२३,२१,७४०.०० |
| २ | सामाजिक विकास | ५,४५,५१,४०,९००.०० | ६३,८८,१०,८५१.९३ | ११.७१ | ४,८१,६३,३०,०४८.०७ |
| १ | शिक्षा | ३,२२,८३,१७,०००.०० | ५५,३७,०६,९३९.६१ | १७.१४ | २,६७,४६,१०,०६०.३९ |
| २ | स्वास्थ्य | ९९,७४,१३,९००.०० | ४,९२,७०,१२६.०७ | ४.९४ | ९४,८१,४३,७७३.९३ |
| ३ | खानेपानी तथा सरसफाई | ४२,२०,५७,०००.०० | २,३४,६०,०००.०० | ५.५६ | ३९,८५,९७,०००.०० |
| ४ | भाषा तथा संस्कृति | १४,६३,१९,०००.०० | ७४,६५,३६०.०० | ५.०९ | १३,८८,५३,६४०.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २२,५४,१८,०००.०० | ४,७३,४२७.५७ | ०.२१ | २२,४९,४४,५७२.४३ |



नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | युवा तथा खेलकुद | ३६,०९,००,०००.०० | २,५०,०००.०० | ०.०७ | ३६,०६,५०,०००.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ७,४७,१६,०००.०० | ४१,८४,९९८.६८ | ५.६ | ७,०५,३१,००१.३२ |
| ३ | पूर्वाधार विकास | ७,६३,९१,३०,६९५.०० | ५६,३४,९६,०५६.०७ | ७.३८ | ७,०७,५६,३४,६३८.९३ |
| १ | यातयात पूर्वाधार | १,५५,२९,५०,०००.०० | ९,८९,४३,३०६.०० | ६.३७ | १,४५,४०,०६,६९४.०० |
| २ | भवन, आवास तथा सहरी विकास | ३,५८,५७,२३,६९५.०० | २८,९७,६३,९४३.०० | ८.०८ | ३,२९,५९,५९,७५२.०० |
| ३ | उर्जा | २५,००,०००.०० | ० | ० | २५,००,०००.०० |
| ४ | सम्पदा पूर्वाधार | २,४९,१२,०७,०००.०० | १७,४७,८८,८०७.०७ | ७.०२ | २,३१,६४,१८,१९२.९३ |
| ५ | बिज्ञान तथा प्रबिधि | ६७,५०,०००.०० | ० | ० | ६७,५०,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ३,३९,७९,१६,०००.०० | २९,१४,१६,११४.२० | ८.५८ | ३,१०,६४,९९,८८५.८० |
| १ | वातावरण तथा जलवायु | १,५९,२१,९५,०००.०० | १५,७०,३२,१५७.९१ | ९.८६ | १,४३,५१,६२,८४२.०९ |
| २ | विपद व्यवस्थापन | ३१,३५,५०,०००.०० | ८४,५०,९९६.३२ | २.७ | ३०,५०,९९,००३.६८ |
| ३ | मानब संशाधन विकास | ४,९४,२५,०००.०० | २८,७४,४४२.३३ | ५.८२ | ४,६५,५०,५५७.६७ |
| ४ | शान्ति तथा सुव्यवस्था | ७३,३१,००,०००.०० | ६,५७,३१,३०४.७० | ८.९७ | ६६,७३,६८,६९५.३० |
| ५ | परराष्ट्र | ३०,००,०००.०० | ३१,८२५.०० | १.०६ | २९,६८,१७५.०० |
| ६ | कानुन तथा न्याय | ४,९९,५४,०००.०० | ३२,५१,६८०.३० | ६.५१ | ४,६७,०२,३१९.७० |



नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | शासन प्रणाली | ४१,५४,८१,०००.०० | २,४२,०१,०१३.५३ | ५.८२ | ३९,१२,७९,९८६.४७ |
| ८ | गरिबी निवारण | २,००,०००.०० | ० | ० | २,००,०००.०० |
| ९ | श्रम तथा रोजगारी | १,२०,०००.०० | ० | ० | १,२०,०००.०० |
| १० | योजना तर्जुमा र कार्यन्वयन | ३१,००,०००.०० | ० | ० | ३१,००,०००.०० |
| ११ | अनुगमन तथा मूल्यांकन | १६,००,०००.०० | ० | ० | १६,००,०००.०० |
| १२ | प्रशासकीय सुशासन | २३,३६,९१,०००.०० | २,८८,७४,६३९.३१ | १२.३६ | २०,४८,१६,३६०.६९ |
| १३ | वित्तीय सुशासन | २५,००,०००.०० | ९,६८,०५४.८० | ३८.७२ | १५,३१,९४५.२० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,२३,७७,९९,३००.०० | १,३०,९१,७६,१८४.८२ | ४०.४३ | १,९२,८६,२३,११५.१८ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ३,२३,७७,९९,३००.०० | १,३०,९१,७६,१८४.८२ | ४०.४३ | १,९२,८६,२३,११५.१८ |
| | जम्मा | २०,४०,५८,१७,८९५.०० | २,९०,६५,४२,५५४.९८ | १४.२४ | १७,४९,९२,७५,३४०.०२ |

**(१३) तोकिए बमोजिमको अन्य विवरण:**

नियमानुसार तोकिए बमोजिमको अन्य विवरण समेत काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np मा राखिएको छ ।

**(१४) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरण ।**

यस महानगरपालिकाले हरेक आर्थिक वर्षको लागि नगर सभाबाट स्वीकृत बजेट नीति तथा कार्यक्रम बमोजिम समय समयमा विभिन्न प्रकारका महानगरपालिकाको क्षेत्राधिकारसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

**(१५) सार्वजनिक निकायको वेबसाइट भए सोको विवरण:**

काठमाडौं महानगरपालिकासँग सम्बन्धित संक्षिप्त विवरण एवं सूचनाहरु जानकारीको लागी काठमाडौं महानगरपालिकाको आफ्नै वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१६) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण:**

नेपाल सरकार, बागमती प्रदेशबाट अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्रचलित ऐन, नियममा तोकिए बमोजिम वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विस्तृत विवरण काठमाडौं महानगरपालिकाको वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१७) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगती प्रतिवेदन:**महानगरपालिकाले सञ्चालन गरेका कार्यक्रमहरु आ.व.२०८२/०८३ को बजेट, नीति तथा कार्यक्रम अर्न्तगत रहेको छ । सोको प्रगति प्रतिवेदन का.म.पा. वेबसाइट www.kathmandu.gov.np रहेको छ ।

**(१८) सार्वजनिक निकायको वर्गिकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी:**

यस महानगरपालिकाको सम्पूर्ण सूचना, विवरण, तथ्याङ्क एवं आवश्यक दस्तावेजहरुको वर्गिकरण नगरेको र त्यस्ता सूचनाहरु महानगरपालिकाले प्रचलित ऐन, नियमानुसार सुरक्षित राख्ने गरिएको छ ।

**(१९) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विवरण:**

नेपाली नागरिक,सेवाग्राही एवं सरोकारवाला व्यक्तिहरुले महानगरपालिकासँग माग गरेको सूचना नियमानुसार उपलब्ध गराउने गरिएको छ। मिति २०८२।०४।०१ देखि मिति २०८२।०७।३० गतेसम्ममा ४८ वटा सूचना माग भएकोमा ३६ वटा सूचना प्रदान गरिएको र १२ वटा सूचना प्रकृयामा रहेको छ । उक्त विवरण महानगरपालिकाको वेवसाइडमा राखिएको छ ।

नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

२०) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएमा वा हुने भएको भए सोको विवरण:

महत्वपूर्ण सूचनाहरु राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गर्ने र त्यस्तो विवरण काठमाडौं महानगरपालिका वेबसाइट www.kathmandu.gov.np राख्ने गरिएको छ । मेट्रो एफ.एम., काठमाडौं महानगरपालिकाको बुलेटिन र नेपाल टेलिभिजनमा हाम्रो काठमाडौं र नेपाल मण्डल कार्यक्रम मार्फत समेत महानगरपालिका सम्बन्धी सूचना, तथ्याङ्क र गतिविधिहरु सार्वजनिक भैरहेका छन् ।

| काठमाडौं महानगरपालिका | | | | |
|---|---|---|---|---|
| सूचना अधिकारी | | | | |
| आ व २०८२/०८३ | | | | |
| **प्रथम चौमासिक** | | | | |
| आ व २०८२/०४/०१ देखि २०८२/०७/३० सम्म | | | | |
| **सूचनाको हक अन्तर्गत माग भएको सूचनाको प्रगति विवरण** | | | | |
| क्र. सं. | मिति | नाम | विवरण | कैफियत |
| १ | ८२/०४/०१ | रुक्शना कपाली | सतःछें सम्वन्धमा | सूचना दिईएको |
| २ | ८२/०४/०२ | अच्युतराज न्यौपाने | प्रमुखज्यूका सचिवालयका कर्मचारीको नियुक्ति एवम् नक्शा पास सम्वन्धमा | सूचना दिईएको |
| ३ | ८२/०४/०४ | अच्युतराज न्यौपाने | वडा नं. ७ धोवीखोला करिडोर, विभिन्न वैठक सम्वन्धि कागजात माग | सूचना दिईएको |
| ४ | ८२/०४/०८ | सुजन श्रेष्ठ | वुद्ध दर्शन सहकारी संस्था | सूचना दिईएको |
| ५ | ८२/०४/१२ | साकार कोईराला | सामुदायिक कुकुर नियन्त्रण सम्वन्धमा | सूचना दिईएको |
| ६ | ८२/०४/१४ | मोनिका वाईवा | राष्ट्रिय सूचना आयोगवाट सूचना माग भएको सम्वन्धमा | सूचना दिईएको |
| ७ | ८२/०४/१९ | मानिक मान श्रेष्ठ | चकत्कार वचत तथा ऋण सम्वन्धमा | सूचना दिईएको |
| ८ | ८२/०४/२५ | सागर जोशी | कुकुर विरालो दर्ता कस्ले गर्ने सम्वन्धमा | सूचना दिईएको |
| ९ | ८२/०४/२५ | सागर जोशी | वोतल पान विष पान पोष्टर सम्वन्धमा | सूचना दिईएको |
| १० | ८२/०४/२६ | नानु श्रेष्ठ | चकत्कार वचत तथा ऋण सम्वन्धमा | सूचना दिईएको |
| ११ | ८२/०५/०२ | अच्युतराज न्यौपाने | शहरी व्यवस्थापन विभागको प्रमाणित प्रतिलिपी | सूचना दिईएको |
| १२ | ८२/०५/१० | सागर जोशी | कुकुर विरालो दर्ता सम्वन्धमा | सूचना दिईएको |
| १३ | ८२/०५/११ | विवेक चौधरी | सडक निर्माण मर्मत सम्वन्धमा | सूचना दिईएको |
| १४ | ८२/०५/१५ | मनोज खतिवडा | शुन्य विद्यालय खरिद विक्री सम्वन्धमा | सूचना दिईएको |
| १५ | ८२/०५/१५ | सागर जोशी | सुलभ फार्मेसी सञ्चालन सम्वन्धि | सूचना दिईएको |



नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

| | | | | |
|---|---|---|---|---|
| १६ | ८२/०५/१५ | सागर जोशी | वासवारी जग्गा अतिक्रमणका सम्वन्धमा | प्रकृयामा रहेको |
| १७ | ८२/०५/१५ | सागर जोशी | कर्मचारी भर्ना सम्वन्धमा | सूचना दिईएको |
| १८ | ८२/०५/१६ | सागर जोशी | कुकुर विरालो दर्ता गर्ने निकायको सम्वन्धमा | सूचना दिईएको |
| १९ | ८२/०५/२२ | सागर जोशी | मनोहरा सुकुम्वासी वस्तिमा डोजर चलाएको सन्दर्भमा | प्रकृयामा रहेको |
| २० | ८२/०५/२२ | सागर जोशी | काष्ठमाण्डप सम्वन्धमा | सूचना दिईएको |
| २१ | ८२/०५/२२ | सागर जोशी | काष्ठमाण्डप प्रवेश रोक सम्वन्धमा | प्रकृयामा रहेको |
| २२ | ८२/०५/२५ | सागर जोशी | सूचना नदिएको सम्वन्धमा | सूचना दिईएको |
| २३ | ८२/०५/३१ | विनय लामिछाने | अपाङ्गता भएका परिक्षार्थी सम्वन्धमा | सूचना दिईएको |
| २४ | ८२/०५/३१ | सागर जोशी | मनोहरा सुकुम्वासी वस्तिमा डोजर चलाएको सन्दर्भमा | प्रकृयामा रहेको |
| २५ | ८२/०५/३१ | सागर जोशी | वालवालिकालाई दास वनाउन नहुने सम्वन्धमा | सूचना दिईएको |
| २६ | ८२/०६/२३ | सागर जोशी | काष्ठमाण्डप प्रवेश रोक सम्वन्धमा | प्रकृयामा रहेको |
| २७ | ८२/०६/२३ | सागर जोशी | मनोहरा सुकुम्वासी वस्तिमा डोजर चलाएको सन्दर्भमा | प्रकृयामा रहेको |
| २८ | ८२/०६/२६ | रुक्शना कपाली श्री राष्ट्रिय सूचना आयोग | वडा कार्यलयवाट सूचना प्राप्त भए नभएको सम्वन्धमा | सूचना दिईएको |
| २९ | ८२/०६/२८ | सागर जोशी | वासवारी जग्गा अतिक्रमणका सम्वन्धमा | प्रकृयामा रहेको |
| ३० | ८२/०६/२८ | सागर जोशी | वोतल पान विष पान सम्वन्धमा | सूचना दिईएको |
| ३१ | ८२/०६/२८ | सागर जोशी | टेकु वायो ग्यास, ग्यास स्टोरेज ग्यालेन सम्वन्धमा | सूचना दिईएको |
| ३२ | ८२/०६/२८ | सागर जोशी | सुलभ फार्मेसी सञ्चालन सम्वन्धि | सूचना दिईएको |
| ३३ | ८२/०६/२८ | राष्ट्रिय सूचना आयोग | आदेश कार्यान्वयन सम्वन्धमा | सूचना दिईएको |
| ३४ | ८२/०७/०८ | अनुशा थापा | विधुत्तीय सवारी साधन र विज्ञ नियुक्ति र सुविधा | सूचना दिईएको |
| ३५ | ८२/०७/१४ | रुक्शना कपाली | अतिक्रमित जग्गा तथा मापदण्ड विपरित संरचना खाली गर्ने सम्वन्धमा | प्रकृयामा रहेको |
| ३६ | ८२/०७/१७ | सागर जोशी | टेकु पेट्रोल पम्प जग्गा सम्वन्धमा | प्रकृयामा रहेको |
| ३७ | ८२/०७/१७ | सागर जोशी | गाडा साईकल होलिङ वोर्ड जफत र लिलामी सम्वन्धमा | सूचना दिईएको |
| ३८ | ८२/०७/१८ | राष्ट्रिय सूचना आयोग | वोतल पान विष पान पोष्टर सम्वन्धमा | सूचना दिईएको |




गुरुनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

| | | | | |
|---|---|---|---|---|
| ३९ | ८२/०७/१८ | राष्ट्रिय सूचना आयोग | आदेश कार्यान्वयन सम्वन्धमा | सूचना दिईएको |
| ४० | ८२/०७/२० | सागर जोशी | न्यू रोड स्तर उन्नति सम्वन्धमा | प्रकृयामा रहेको |
| ४१ | ८२/०७/२० | लिलाधर कोईराला | नविकरण सम्वन्धि | सूचना दिईएको |
| ४२ | ८२/०७/२१ | सागर जोशी | काष्ठमण्डप निर्माण सम्वन्धित प्राविधिक र वित्तीय/ कानुनी प्रतिवेदन | प्रकृयामा रहेको |
| ४३ | ८२/०७/२१ | सागर जोशी | घर पालुवा कुकुर विरालोमा माईक्रोचिपिङ | सूचना दिईएको |
| ४४ | ८२/०७/२१ | सागर जोशी | काष्ठमाण्डप निर्माणको प्राविधिक तथा वित्तिय/कानूनी सम्वन्धमा | प्रकृयामा रहेको |
| ४५ | ८२/०७/२१ | सागर जोशी | माईक्रोचिपिङ सम्वन्धमा | सूचना दिईएको |
| ४६ | ८२/०७/२३ | रुक्शना कपाली | ऐतिहासिक नेवाः नगर, गाउँ वा बस्तीहरुको अस्तित्व सम्वन्धमा | सूचना दिईएको |
| ४७ | ८२/०७/२३ | मोनिका वाईवा | ल्याण्डफिल विकास अनुदान र फोहोर व्यवस्थापन सम्वन्धमा | सूचना दिईएको |
| ४८ | ८२/०७/२४ | विवेक चौधरी | महानगर प्रहरीलाई सवारी तान्ने अधिकार सम्वन्धमा | सूचना दिईएको |

काठमाडौं महानगरपालिका, सूचनाको विवरणको अवस्था

| सूचनाको अवस्था | |
|---|---|
| प्रकृयामा रहेको | १२ |
| सूचना दिईएको | ३६ |
| जम्मा सूचना मागकर्ता | ४८ |




नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका

# सूचना मागकर्ताहरुको विवरण

## सूचना माग कर्ताको विवरण

| क्र. सं. | सूचना मागकर्ताको नाम | सूचनाको संख्या |
|---|---|---|
| १ | रुक्शना कपाली | ३ |
| २ | अच्यूतराज न्यौपाने | ३ |
| ३ | सुजन श्रेष्ठ | १ |
| ४ | साकार कोईराला | १ |
| ५ | मोनिका वाईवा | २ |
| ६ | मानिक मान श्रेष्ठ | १ |
| ७ | सागर जोशी | २७ |
| ८ | नानु श्रेष्ठ | १ |
| ९ | विवेक चौधरी | २ |
| १० | विनय लामिछाने | १ |
| ११ | राष्ट्रिय सूचना आयोग | ४ |
| १२ | अनुशा थापा | १ |
| १३ | लिलाधर कोईराला | १ |
| | जम्मा | ४८ |

नुरनिधि न्यौपाने
सूचना अधिकारी
काठमाडौं महानगरपालिका